शिवालय गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

[illegible] जाजरकोट

कर्णाली प्रदेश, नेपाल

पत्र संख्या: ०७७/०७८

चलानी नम्बर:

## सूचिकृत हुने बारेको सूचना

मिति : २०७७/०४/१३

यस कार्यालयबाट आ.व. ०७७/०७८ मा हुने विभिन्न खरिद सम्बन्धी काम कारबाहिमा संलग्न हुन ईच्छुक योग्य व्यक्ति, फर्मा, आपुर्तिकर्ता, निर्माण व्यवसायी, परामर्शदाता, गैर सरकारी संघ/संस्था र सेवा प्रदायकहरुले यस कार्यालयबाट उपलब्ध हुने अनुसूची २ (क) बमोजिमको फाराममा आफुले सूचिकृत हुन चाहेको समुह समेत स्पष्ट रुपमा उल्लेख गरि तपशिलमा उल्लेखित कागजातहरु संलग्न राखी आवेदन गर्नु हुन सार्वजनिक खरिद ऐन २०६३ को दफा ६ (क) तथा सार्वजनिक खरिद नियमावली २०६४ को नियम १८ बमोजिम सम्बन्धित सबैको जानकारिको लागी यो सूचना प्रकाशित गरिएको छ।

तपशिल

१. आवेदन साथ निम्न अनुसारका कागजातका प्रतिलिपीहरु एक-एक प्रति संलग्न रहेको हुनु पर्नेछ।

क. आफ्नो फर्म दर्ता वा सम्बन्धित व्यवसाय वा सेवा गर्न वा प्राप्त नविकरण भएको ईजाजत पत्र।

ख. मुल्य अभिबृद्धि करमा दर्ता भएको प्रमाण पत्र वा स्थायी लेखा नम्बर दर्ता प्रमाणपत्र।

ग. प्रचलित कानुन बमोजिम नेपाल सरकारलाई तिर्नु वा बुझाउनु पर्ने अघिल्लो बर्षको आर्थिक बर्ष आ.व २०७६/०७७ सम्मको कर चुक्ता गरिएको प्रमाण पत्र (कर विवरण बुझाई चुक्ता प्रमाण पत्र लिन बाँकी भए सम्बन्धित कर कार्यालयमा कर विवरण पेश गरेको प्रमाण)।

घ. व्यक्तिको हकमा नागरिकताको प्रमाणपत्रको प्रतिलिपी।

ङ) नेपाल बाहिर भएको संघ/संस्था वा विदेशी नागरिकको हकमा नेपालभित्र कारोबार गर्न पाएको स्वीकृती वा ईजाजत पत्र ।

च) सुचिकृत हुन चाहेको समुहको कार्य सम्पादन गर्न योग्य र सक्षम रहेको व्यहोरा खुल्ने कागजात वा प्रमाण पत्र।

२. आवेदनमा कुनै सार्वजनिक निकाय संग सम्झौता भए बमोजिम सम्पादन गर्न जिम्मा लिएको काम अधुरो छोडि वा कुनै सार्वजनिक निकायमा तिर्न बुझाउन बाँकी कर दस्तुर तथा दायित्व बाँकी नभएको एवं प्रचलित कानुन बममोजिम त्यस्तो काम गर्न प्रतिबन्ध नलागेको वा कालो सुचिमा नपरेको भनि आवेदकले घोषणा गरेको हुनुपर्नेछ।

३. यस बमोजिम सुचिकृत हुँदैमा कुनै फर्म संघ/संस्था वा व्यक्ति कुनै सार्वजनिक निकायले सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम तोकेको योग्यता पुरा नगरि खरिद सम्बन्धि कारवाहीमा सहभागी हुन सक्ने छैन। मौजुदा सूचीमा सुचिकृत भएकाहरु मध्ये कार्यालयले आफ्नो अनुकुल हुने गरि खरिद कार्यमा सहभागी गराउन सक्ने छ।

४. सुचिकृत भएको कुनै फर्म, संघ/संस्था वा व्यक्तिले यस कार्यालयको खरिद सम्बन्धि कार्यमा संलग्न भएमा प्रचलित कानुन बमोजिम कर विजक जारी गर्नुपर्नेछ।

[illegible] कुमार पाण्डे

निमित प्रमुख प्रशासकीय अधिकृत

शिवालय गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

जिल्ला, जाजरकोट

कर्णाली प्रदेश, नेपाल

पत्र संख्या: ०७७/०७८

चलानी नम्बर:

५. सूचिकृत भएको कुनै फर्म, संघ/संस्था वा व्यक्तिले प्रचलित काकनुन बमोजिम कुनै निकायमा सम्झौता गरि लिएका कुनै काम समयमै सम्पन्न नगरेको वा सही रुपमा नगरेको वा नेपाल सरकारलाई तिर्नु बुझाउनु पर्ने कर तथा अन्य दायित्व नबुझाएको जानकारी सम्बन्धित निकायबाट प्राप्त भएमा जुनसुकै बखत सूचिबाट हटाउन सकिनेछ ।

## खरिद सम्बन्धी काम कारबाहीका लागी सूचिकृत हुनुपर्ने समुहहरु

| समुह | सूचिकृत गनुपर्ने कार्यहरु | संक्षिप्त व्याख्या |
|---|---|---|
| A | मसलन्द तथा कार्यालय सामाग्री | |
| A1 | स्टेशनरी तथा मसलन्द सामानहरु | कार्यालयको दैनिक कामकाजमा प्रयोग हुने पेपर, फाईल, कलम, पेन्सिल, स्टिच जस्ता स्टेशनरी तथा मसलन्द सामानहरु आपुर्ति गर्ने सम्बन्धी कार्यहरु |
| A2 | छपाई सम्बन्धि कार्यहरु | लेटरप्याड, छाप,पर्चा पम्पललेट रसिद, रजिष्टर, विभिन्न लेजर,फारामहरु, प्रतिवेदन तथा पुस्तक, पत्र पत्रिका तथा बुलेटिन जस्ता प्रेस सम्बन्धि कार्यहरु |
| A3 | पत्रपत्रिका तथा पुस्तक सम्बन्धि | प्रकाशित पत्रपत्रिका तथा पुस्तकहरु खरिद तथा एजेन्सी दिई बिक्रि वितरण गर्ने सम्बन्धि कार्यहरु |
| A4 | फर्निचर तथा फिक्चर्स सम्बन्धि | काठ, फलाम, स्टिल तथा प्लाष्टिकका फर्निचर र फिक्चर्समा पर्ने सामानहरु आपुर्ति गर्ने सम्बन्धि कार्यहरु |
| A5 | ईलेक्ट्रोनिक्स उपकरणहरु | टेलिफोन, कम्प्युटर, प्रिन्टर, फोटोकपी मेशिन, फ्याक्स मेशिन, युपिएस जस्ता ईलेक्ट्रोनिक्स उपकरणहरु |
| A6 | सवारी साधन र सो का पार्टस् पुर्जा | गाडी, मोटरसाईकल, साईकल तथा गाडिका टायर, ट्युब तथा अन्य पार्टस पुर्जाहरु आपुर्ति गर्ने कार्यहरु |
| A7 | मेशिनरी तथा उपकरणहरु | ईलेक्ट्रोनिक्स समुहमा नपरेका अन्य उपकरणहरु जस्तै: सबै औजारहरु, कृषी औजारहरु, हाते औजारहरु लगायत विभिन्न मेशिनहरु, उपकरणहरु र तिनका पार्टसहरु |
| A8 | विज्ञापन सूचना प्रकाशन तथा प्रसारण | रेडियो, टेलिभिजन तथा पत्रपत्रिका तथा अन्य माध्यमबाट विज्ञापन तथा सूचनाको प्रकाशन तथा प्रशारण गर्ने गराउने सम्बन्धि कार्यहरु |
| A9 | विद्युतिय सामानहरु | हिटर, पंखा, तार, स्वीच, बिजुलीका बल्ब, ट्युबलाईट तथा विद्युतिकरणका लागी आवश्यक अन्य सामाग्री |
| A10 | कम्प्युटर तथा सूचना प्रविधि सफ्टवेयर | कार्यालय संचालन तथा सूचना तथा तथ्यांक भण्डारणमा विश्लेषण तथा प्रतिवेदन जस्ता कार्य गर्नका निमित्त कम्प्युटर सफ्टवेर प्रोग्रामहरुको आपुर्ति सम्बन्धी कार्यहरु |
| A11 | ईन्टरनेट तथा सञ्चार सेवा | सिधै वा अन्य कम्पनीको मध्यस्थ भई प्रदान गर्ने ईन्टरनेट सेवा नोटिस बोर्ड सेवा र टेलिफोन र सो सम्बन्धि सेवाहरु |
| A12 | औषधी तथा मेडिकल सम्बन्धि सामानहरुको आपुर्ति | औषधी व्यवस्था विभाग आयुर्वेद विभाग वा पशु सेवा विभाग जस्ता नियमनकारी निकायबाट स्वीकृत भए बमोजिमका विभिन्न औषधिहरु सर्जिकल्स सामानहरु ल्याव रसायनहरु जस्ता मेडिकल सामाग्रीहरु आपुर्ति सम्बन्धि कार्यहरु |
| A13 | खोनेपानी आपुती तथा धारा जडान सम्बन्धी कार्य | पि.वि.सी. पाईप, जि.आई. पाईप, धारमा प्रयोग हुने फिटिङ सामाग्री ईत्यादी । |

अनिल कुमार पाण्डे

निमित्त प्रमुख प्रशासकीय अधिकृत

शिवालय गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

जाजरकोट

कर्णाली प्रदेश, नेपाल

पत्र संख्या: ०७७/०७८

चलानी नम्बर:

| | | |
|---|---|---|
| A14 | राशन सम्बन्धि | खाद्यान्न आपुर्ती गर्नुपर्ने अस्पताल, भेटेनरी, बालगृह, वृद्धाश्रम आदिका साथै खाद्यन्न सुविधा प्राप्त गर्ने सुरक्षा निकायका कर्मचारिहरुलाई खाद्यान्न सामाग्रीहरु सम्बन्धि कार्यहरु |
| A15 | पशुपंछी खाना आहार सम्बन्धि | भेटेनरी पशुफर्म अनुसन्धान केन्द्र जस्ता निकायमा रहेका पशुपंछी तथा घोडाहरुको दाना आपुर्ति गर्ने कार्य |
| A16 | ईन्धन तथा अन्य ईन्धन आपुर्ति | ग्यास, पेट्रोल, डिजेल, लुब्रिकेन्ट्स, दाउरा, कोईला, ईन्भटर ब्याट्री , सोलार उपकरण आदी |
| A17 | लत्ताकपडा तथा ड्रेस आपुर्ति सामानहरु | अस्पताल तथा स्वास्थ्य संस्थामा प्रयोग हुने कपडा तथा कपडा निर्मित झोला न्यानो झोला समेत झुल एप्रोन एवं विभिन्न निकायको ड्रेस सोफाका खोल तथा पर्दाहरु जस्ता सामाग्री |
| A18 | स्यानिटेसन सरसफाईका सामानहरु | शौचालय, धारा निर्माण एवं सरसफाईमा विभिन्न उपकरण तथा सामाग्रीहरु |
| A19 | मर्मत सम्भार सेवाहरु | सवारी साधन विभिन्न फर्निचर, मेसनरी तथा उपरकरणहरुको मर्मत सम्बन्धी कार्यहरु कम्प्युटर नेटवर्कीङ सम्बन्धि कार्यहरु र सो मा प्रयोग हुने साधन वा सेवाहरु |
| B | **परामर्श तथा अन्य सेवाहरु** | |
| B1 | अध्ययन अनुसन्धान तथा अन्य परामर्श सम्बन्धी कार्यहरु | विभिन्न विषयमा हुने ईन्जिनियरिङ अध्ययन अनुसन्धान तथा प्रतिवेदन तयार सम्बन्धि कार्यहरु |
| B2 | सूचना प्रविधि साधनको आवधिक मर्मत तथा मेन्टिनेन्स सम्बन्धि कार्यहरु | हार्डवेयर सर्भिसिङ मेन्टिनेन्ट्स कस्माईजेसन टोनर रिफिलिङ आदि सम्बन्धी कार्यहरु |
| B3 | सफ्ट्वेर निर्माण | विभिन्न प्रकारका सफ्टवेर एप्लीकेशन तथा व्यवसायिक निर्माण सम्बन्धि कार्यहरु |
| B4 | कुरियर सेवा | चिट्ठि पत्र तथा स-साना पार्सलहरु आदानप्रदान सम्बन्धी कार्यहरु |
| B5 | कागजात अनुवाद सम्बन्धि कार्यहरु | नेपाली अंग्रेजी भाषाबाट एक अर्कोमा हुने एवं यी भाषाबाट स्थानीय मातृभाषामा हुने अनुवाद सम्बन्धी कार्यहरु |
| B6 | डकुमेन्ट्र तथा वृत्तचित्र निर्माण | गाउँपालिकाको कार्यालय, वडा कार्यालय तथा अन्य विषयगत शाखाहरुको काम कारवाही तथा सेवा प्रवाह लगायतका अन्य विवरण लगायत गाउँपालिकाको वस्तुगत विवरण झल्कने श्रव्य तथा श्रव्य-दृष्य सामाग्री रेडियो पत्रिका टेलिफिल्म तथा वृत्तचित्र आदि निर्माण सम्बन्धी कार्यहरु |
| B7 | कार्यक्रम व्यवस्थापन | विभिन्न प्रकारका तालिम, गोष्ठी, सेमिनार, अन्तरक्रिया, छलफल तथा बैठकको सञ्चालन तथा व्यवस्थापनमा सहयोग सम्बन्धी कार्यहरु |
| B8 | हवाई तथा अन्य यातायत (ट्राभल एजेन्सी) | हवाइ टिकट बुकिङ तथा जारी गर्ने तथा अन्य यातायातका सवारी साधनहरुको सेवा उपलब्ध गराउने एजेन्सी सम्बन्धी कार्यहरु |
| B9 | तथ्यांक प्रविष्ठ तथा अद्यावधिक गर्ने कार्यहरु | अभिलेख व्यवस्थापन तथा सेवा प्रवाहका लागी सार्वजनिक निकायको प्रणालीमा तथ्यांक प्रविष्ट गरि अद्यावधिक गर्ने कार्य |
| B10 | कार्यालय सुरक्षा तथा सरसफाई सम्बन्धी कार्यहरु | कार्यालय एवं सचिवालयलाई सुरक्षा चेक जाँचमा सहयोग गर्ने |

अनिल कुमार पाण्डे

निमित्त प्रमुख प्रशासकीय अधिकृत

शिवालय गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
भिमे, जाजरकोट
कर्णाली प्रदेश, नेपाल

पत्र संख्या: ०७७/०७८
चलानी नम्बर:

| | | |
|---|---|---|
| | | सुरक्षा गार्ड, दैनिक सरसफाईमा सहयोग गर्ने परिचर, बगैचा तथा करेसाबारी गोडमेल गर्ने माली सेफ्टी टंकी सफाई जस्ता संस्थागत रुपमा उपलब्ध गराउने सम्बन्धी कार्यहरु |
| B11 | रंगरोगन तथा सजावट सम्बन्धी कार्यहरु | भवन, झ्याल, ढोका, फर्निचर, काठ तथा विभिन्न संरचना र कम्पाउण्डमा रंगरोगन गर्ने तथा पर्दा, कार्पेटिङ, फ्लोरिङ आदि सम्बन्धी कार्यहरु |
| B12 | क्याटरिङ क्यान्टिन तथा खाजा नास्ता सम्बन्धी कार्यहरु | क्याटरिङ सेवा पाल, सायर समियाना, मेच टेवल आदि भाडामा उपलब्ध गराउने, क्यान्टिन सेवा सञ्चालिन गर्ने वा खाजा नास्ता उपलब्ध गराउने |
| B13 | सेवा करार सम्बन्धी | सेवा परामर्श अन्तर्गत सेवा करारबाट प्रदान हुने परिचर, ड्राईभर, कार्यालय सहयोगी, सचिवालय सञ्चालन संग सम्बन्धित अपरेटरहरुको सेवा प्रदान सम्बन्धी कार्यहरु |
| C | **गैर सरकारी संस्थाबाट प्रवाह हुने सेवा** | |
| C1 | जनचेतना अभिवृद्धि सम्बन्धी कार्यक्रम | नागरिक सचेतनाका लागी आयोजना गरिने चेतनामुलक कार्यक्रम सडक नाटक सार्वजनिक सुनुवाई जस्ता कार्यहरु |
| C2 | अभिमुखिकरण सवलीकरण मुल प्रवाहीकरण जस्ता कार्यहरु | साक्षरता कक्षा, महिला, पिछडिएका वर्ग, जनजाति तथा समुदायको सशक्तिकरण एवं मुल प्रवाहिकरणको लागी सञ्चालन हुने भेला प्रशिक्षण गोष्ठी तालिम आदि कार्यहरु |
| C3 | वन तथा वातावरण संरक्षण प्रर्वद्धन जस्ता कार्यहरु | वृक्षारोपण विरुवा उत्पादन वन जंगल तथा वन्यजन्तुको संरक्षण डढेलो नियन्त्रण हरित विकास योजना कार्यान्वयन जस्ता कार्यक्रमहरु |
| C4 | कृषि जन्य सामाग्रि आपुर्ति, नर्सरी निर्माण तथा विरुवा उत्पादन सम्बन्धी कामहरु | काडेतार, टनेल, पोलिथिन थ्याग, विउ, औजार, माटो तथा मल आदि र उत्पादित विरुवा आपुर्ति सम्बन्धी कार्यहरु कृषी सामाग्री, नगदेवाली, अन्न बाली र तरकारीका विउहरु |
| D | **निर्माण व्यवसाय** | |
| D1 | सार्वजनिक निर्माण तथा मर्मत सम्बन्धी कामहरु | भवन, सडक, सिंचाई, तटबन्ध, खानेपानी योजना जस्ता नयाँ संरचनाहरु निर्माण र निर्माण कै हैसियतमा मर्मत सम्भार गर्नुपर्ने सम्बन्धी कार्यहरु |
| D2 | जनसहभागिता प्रवर्द्धन गरि स्थानीय स्तरमा हुने निर्माण सम्बन्धी कार्यक्रमहरु | जनसहभागीता परिचालन गरि निर्माण हुने साना सिंचाई, तटबन्ध, ग्रामीण सडक निर्माण, सामुदायिक भवन निर्माण जस्ता स्थानिय स्तरमा हुने निर्माणका कार्यक्रमहरु |
| E | **अन्य** | |
| E1 | अन्य सामाग्री तथा सेवा | माथीका समुह तथा उपसमुहमा नपरेका र खरिद गर्नु अघि सूचिकृत गर्नुपर्ने प्रकारका वस्तु, सामाग्री वा सेवाहरु । यस समुहमा सूचिकृत हुने वा गराउने निकायले सम्बन्धित सेवाको स्पेसिफिकेशन खुलाई सूचिकृत हुनको लागी पेश गर्नुपर्ने । |

अनिल कुमार पाण्डे
निमित्त प्रमुख प्रशासकीय अधिकृत

अनिल कुमार पाण्डे
निमित्त प्रमुख प्रशासकीय अधिकृत